# लिखु गाउँपालिका यसम, ओखलढुंगा

## कोशी प्रदेश

# स्थानीय राजपत्र

## लिखु गाउँ कार्यपालिकाद्वारा प्रकाशित

| | | |
|---|---|---|
| खण्डः- ७ | संख्याः- ०३ | मितिः- २०८० /०२ /२६ |

## भाग-२

नेपालको संविधानको धारा २२२ वमोजिम गठित गाउँ सभाले धारा २२६ को उपधारा १ र स्थानीय सरकार संचालन ऐन २०७४ दफा १०२ उपदफा ३ को अधिनमा रहि सामुदायिक सिकाइ केन्द्रमा परिचालक व्यवस्था गर्ने सम्वन्धी कार्यविधि, २०८० लिखु गाउँ कार्यपालिकाद्वारा सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

### सामुदायिक सिकाइ केन्द्रमा परिचालक व्यवस्था गर्ने सम्वन्धी कार्यविधि, २०८०

नियमावलि नं. - ४४

प्रमाणिकरण मितिः २०८०/०२/२६

**प्रस्तावनाः** समुदायको आवश्यकता अनुसार साक्षरता, निरन्तर शिक्षा, जीवन पर्यन्त सिकाइ तथा सामुदायिक विकास कार्यक्रम पहिचान, व्यवस्थापन, कार्यान्वयन तथा समन्वय र सामुदायिक सूचना केन्द्र समेतको कार्य गर्न स्थापित सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक परिचालक व्यवस्थापनको लागि वान्छनीय भएकाले सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८ को नियम २२ को उपनियम ३ अनुसार यो सामुदायिक सिकाइ केन्द्रमा परिचालक ब्यवस्था गर्ने सम्वन्धी कार्यविधि, २०८० तयार गरिएको छ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

क) यस कार्यविधिको नाम “सामूदायिक सिकाइ केन्द्रमा परिचालक व्यवस्था गर्ने सम्वन्धी कार्यविधि, २०८०” रहेको छ ।

ख) यो कार्यविधि लिखु गाउँपालिका भित्रका सामूदायिक सिकाइ केन्द्रका हकमा लागू हुनेछ ।

ग) यो कार्यविधि लिखु गाउँ कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भए पश्चात प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "परिचालक" भन्नाले सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८ अनुसार सामुदायिक सिकाई केन्द्र संञ्चालन तथा व्यवस्थापन गर्ने महिला परिचालकलाई सम्झनु पर्छ।

ख) "छनौट समिति" भन्नाले सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८ अनुसार सामुदायिक सिकाई केन्द्र संञ्चालन तथा व्यवस्थापन गर्ने परिचालकको छनौट गर्न बनेको समिति सम्झनु पर्छ।

ग) "पुनरावेदन समिति" भन्नाले सामुदायिक सिकाई केन्द्रमा नियुक्त परिचालकले पाएको सजाएको सुनुवाइ गर्ने समिति भन्ने सम्झनु पर्छ।

घ) "पदपूर्ति" भन्नाले परिचालक छनौट गर्ने प्रक्रियालाई जनाउँछ।

**३. परिचालकको पद र श्रेणीः** पद, परिचालक रहनेछ भने श्रेणी, श्रेणी बिहिन हुनेछ।

**४. परिचालकको पदपूर्ति प्रक्रिया, योग्यता र तालिमः**

क) यो कार्यविधिको नियम ३ अनुसारको परिचालकको पदपूर्ति गर्न देहाय बमोजिमको छनौट समिति रहनेछ।

अ) सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समिति अध्यक्ष वा नीजले तोकेको समितिको सदस्य -संयोजक

आ) शिक्षा अधिकृत वा निजले तोकेको प्रतिनिधि एकजना - सदस्य

इ) परिचालक छनौट समितिले गाउँपालिकाको शिक्षक छनौट विज्ञ सूचिबाट मनोनीत गरेको एक जना विषय विशेषज्ञ - सदस्य

ई) नजिकको माध्यमिक विद्यालयको प्रधानाध्यापक वा निजले तोकेको शिक्षक - सदस्य सचिव

ख) नियम ४ 'क' बमोजिमको समितिले पदपूर्तिको लागि कम्तिमा ७ दिनको सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ।

ग) रीतपूर्वक पर्न आएका दरखास्त उपर छानविन गरी लिखित, मौखिक, प्रयोगात्मक वा यी मध्ये आवश्यकता अनुसार परीक्षा लिई सबै भन्दा बढि अकं प्राप्त गर्ने व्यक्तिलाई नियुक्तिका लागि सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समितिमा परिचालकको रुपमा सिफारिस गर्नेछ।

घ) शैक्षिक योग्यता र तालिम;

अ) कम्तिमा १२ कक्षा वा सो सरहको परीक्षा उत्तीण गरेको महिला।

आ) १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।

इ) नेपाली नागरिक।

ई) अदालतबाट कसुरदार नठहरिएको।

५. **नियुक्तिः** यस कार्यविधि बमोजिम छनौट प्रकृया पुरा गरी सबै भन्दा बढि अंक ल्याउने परिचालकलाई सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समितिले सेवा, सुविधा प्रस्ट खुलाई नियुत्ति दिनुपर्ने छ। यो कार्यविधि लागू हुनु भन्दा अगाडि नियुक्त भई कार्यरत परिचालक यसै कार्यविधि अनुसार नियुक्त भएको मानिनेछ।

६. **परिचालकले सम्पादन गर्ने कार्यहरुः** यो कार्यविधि बमोजिम छनौट भएको परिचालकले सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८ को दफा १० र ११ बमोजिमका कार्यहरु गर्नु पर्ने छ।

७. **परिचालक आचरणः** परिचालकको आचरण देहाय बमोजिम हुनेछ।

क) पेशाप्रति वफदार रहनु पर्ने।

ख) सामुदायिक सिकाइ केन्द्रका हरेक गतिविधिमा सरीक रहनु पर्ने।

ग) सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धि मापदण्ड, २०७८ ले तोकिएका आचरणहरु पालना गर्नु पर्ने छ।

८. **पुरस्कार, सजाय र पुनरावेदनः**

क) यस कार्यविधि वमोजिम नियुक्त परिचालकले उत्कृष्ट कार्य गरेमा सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समितिको निणर्यले पुरस्कारको व्यवस्था गर्न सक्ने छ।

ख) यस कार्यविधि बमोजिम नियुक्त परिचालकले तोकिएको कार्य गर्न नसकेमा, आचरण विरुद्ध कार्य गरेमा वा पालन नगरेमा सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समितिको निणर्यले सचेत गराउने, तलव कट्टा गर्ने, तथा सेवाबाट वर्खास्त गर्न वा अन्य कार्यवाही समेत गर्न सक्नेछ। तर निजलाई दिएको सजाय उपर सफाई पेश गर्ने मनासिव माफिको अवसरवाट वञ्चित गरिने छैन।

ग) यस कार्यविधि वमोजिम नियुक्त परिचालकले पाएको सजाय उपर चित्त नबुझेमा पुनरावेदन समितिमा उजुर गर्न सक्नेछ। सो समितिले छानविन गरी दिएको निणर्य अन्तिम हुनेछ। पुनरावेदन समिति देहाय अनुसारको हुनेछ।

अ) गाउँपालिका शिक्षा समिति संयोजक वा निजले तोकेको गाउँपालिका शिक्षा समिति सदस्य -संयोजक

आ) शिक्षा अधिकृत -सदस्य

इ) सम्बन्धित वडाको वडा अध्यक्ष -सदस्य

९. **तलव, विमा, संचयकोष सम्वन्धी सुविधाः** यस कार्यविधि वमोजिम नियुक्त परिचालकले पाउने तलव तथा अन्य सुविधा सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समितिले तोके बमोजिमको हुनेछ।

१०. **विदा सम्वन्धि व्यवस्थाः** शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९ (संसोधन सहित) को परिच्छेद १९ को नियम १०६ वमोजिमका विदाहरु यस कार्यविधि वमोजिम नियुक्ति हुने परिचालकले समेत पाउनेछन।

११. **सेवा निवृति पछि प्राप्त हुने सुविधाः** यो कार्यविधि वमोजिम नियुक्त परिचालकको उमेरको हद ६० वर्ष कायम गरिएको छ। यो कार्यविधि वमोजिम नियुक्त परिचालकलाई नेपाल सरकारबाट उपलव्ध गराएको सुविधा तथा सामुदायिक सिकाइ केन्द्रको आन्तरिक श्रोतबाट सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समितिले निणर्य गरे बमोजिमका थप सुविधा प्राप्त हुनेछ।

१२. **वाधा अडकाउः** यस कार्यविधिको कार्यान्वयनमा वाधा अडकाउ पर्न गएमा वा अन्य कुराबाट सामुदायिक सिकाइ केन्द्रको संञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८ मा वाझिन गएको अवस्थामा सामुदायिक सिकाइ केन्द्रको संञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८ को परिधिभित्र रहेर गाउँ कार्यपालिकाको निणर्यले संसोधन, खारेजी वा थपघट गर्न सक्नेछ।

१३. **परिचालक छनौट परीक्षाको व्यवस्थाः** सामुदायिक सिकाइ केन्द्रको परिचालक छनौटको लागि परीक्षा संचालन गर्दा दुई चरणमा गरिने छ। प्रथम चरण लिखित १०० पुर्णाङ्क (वस्तुगत) र दोस्रो चरण अन्तरवार्ता २० पुर्णाङ्कको हुनेछ। प्रथम चरणको लिखित परीक्षाको उत्तिर्णाङ्क ५० र दोस्रो चरणको अन्तरवार्ताको उत्तिणाङ्क ७ हुनेछ। प्रथम चरणमा उत्तिर्ण परिक्षार्थीले मात्र दोस्रो चरणमा सहभागी हुन पाउने छन्। परीक्षाको पाठ्यक्रम देहाय बमोजिम हुनेछ।

क) लिखित परीक्षाः पहिलो चरण

| एकाई | विषय क्षेत्र | अंकभार |
|---|---|---|
| एक | नेपालको भूगोल, शिक्षा, साहित्य, संस्कृति सम्बन्धी सामान्य जानकारी | २० |
| दुई | नेपालमा अनौपचारिक शिक्षाको इतिहास र वर्तमान अवस्था | १० |
| तीन | प्रचलित शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९, स्थानीय सरकार सञ्चालन ऐन २०७४, आर्थिक ऐन तथा नियमावली, नेपालको संविधान | ३० |
| चार | कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान | २० |
| पाँच | सामुदायिक सिकाइ केन्द्रको संञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८ | २० |

| | |
|---|---|
| जम्मा अंकभार | १०० |

ख) सामुदायिक सिकाइ केन्द्रको परिचालक छनौटका लागि लिखित परीक्षाको मूल्याङ्कन योजना

| प्रश्नको किसिम | एकाइ | प्रश्नको संख्या | प्रति प्रश्नको अंक | कुल अंक |
|---|---|---|---|---|
| वहुवैकल्पिक | एक | १० | २ | २० |
| | दुई | ५ | २ | १० |
| | तीन | १५ | २ | ३० |
| | चार | १० | २ | २० |
| | पाँच | १० | २ | २० |
| जम्मा | | ५० | | १०० |

ग) अन्तरर्वाता परीक्षाः अन्तिम चरण तथा मूल्याङ्कन योजना

| क्र.स. | शिर्षक | अंक |
|---|---|---|
| १ | व्यक्तित्व | ४ |
| २ | विषयवस्तुको जानकारी | ७ |
| ३ | विषयवस्तुको प्रस्तुति | ४ |
| ४ | शैक्षिक योग्यता | ५ |
| | जम्मा | २० |
| नोटः शैक्षिक योग्यता बापतको ५ अंकमध्ये न्यूनतम योग्यतालाई ३ (प्रथम श्रेणी वापत ३ अंक, द्धितिय श्रेणी वापत २ अंक र तृतिय श्रेणी वापत ० अंक ) तथा माथिल्लो योग्यता बापतको २ अंक मध्ये (प्रथम श्रेणी वापत २ अंक, द्धितिय श्रेणी वापत १ अंक र तृतिय श्रेणी वापत ० अंक ) प्रदान गरिने छ। | | |

आज्ञाले

लिलाराज श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत

मितिः- २०८०/०२/२६